जनहितमा जारी

अग्रपङ्क्तिमा काम गर्ने सफाइकर्मी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा सञ्चारकर्मीलाई सहयोग गरौं ।

समर्पण सेवा संस्था

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

लैङ्गिक हिंसाको अन्त्य; मेरो जीवनको गन्तव्य ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ मङ्सिर २३ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 December 08 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०२

## शिकारीबासका जनता विद्युत्बाट वञ्चित

प्रस, सेढवा, २२ मङ्सिर/

ठोरी गाउँपालिका-३ शिकारीबासका जनताको विद्युत्मा अहिलेसम्म पहुँच बन्न सकेको छैन । पर्सा जिल्लाका १४ वटै पालिकाका टोल-टोलमा विद्युत्को पहुँच पुगे पनि शिकारीबासमा अहिलेसम्म विद्युत् पुग्न सकेको छैन ।

प्राधिकरणले पोल, तार जडान गरिसकेको छ तर विद्युत् लाइन भने उपलब्ध गराएको छैन । विद्युत्को अभाव रहेको शिकारीबासमा दुईवटा सोलार बत्ती जडान गरिएको छ तर मर्मत सम्भारको अभावमा ती सोलार बत्ती पनि बल्न छाडेका छन् ।

बिजुलीबत्तीको अभावमा टेलिभिजन, नेट सुविधामा पनि उनीहरू पछाडि परेका छन् । रमाइलो कुरा त के छ भने नेपाल टेलिकम र एनसेलको मोबाइल नेटवर्क पनि शिकारीबासमा टिप्दैन ।

विद्युत् अभावमा यहाँका मानिसहरू अहिलेसम्म टुकीको सहारामा छन् । केहीले मात्र ब्याट्रीको प्रयोग गरेर बत्ती बाल्दै आएका छन् र अन्यहरू टुकीको सहारामा रहेको स्थानीय युवा राजेन्द्र चौधरीले बताए ।

शिकारीबासमा खासगरी विपन्न, गरीब परिवारको बसोबास छ । त्यसैले पनि अहिलेसम्म यो बस्तीलाई विद्युत्लगायत अन्य सेवाबाट वञ्चित पारिएको छ ।

ठोरी गापाको निर्मलबस्तीभन्दा करीब पाँच किलोमिटर र ब्रह्मनगरभन्दा एक किलोमिटर जङ्गलभित्र शिकारीबास बस्ती छ । ५५ घरधुरी रहेको शिकारीबासमा २५० जना मानिसको बसोबास छ । यी मानिसहरूमध्ये ९० प्रतिशत आदिवासी जनजाति थारू समुदायका छन् ।

ठोरी गापा-३ का अध्यक्ष सूर्यबहादुर लामाले शिकारीबासमा विद्युत् लैजानका लागि आफू अहिलेसम्म प्रयासरत रहेको बताए । उनले प्राधिकरणको सुवर्णपुरका कर्मचारीसँग समन्वय गरेर दुईपटक सर्भे पनि गरिएको बताए ।

वडाध्यक्ष लामाले विद्युत् जडानका लागि प्रयास गर्दै आएको बताए ।

नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रका इन्जिनीयर निर्मल फौज्दारले गापाको सिफारिशमा स्थानीयको समूह बनाएर माग भएमा पोल, तार र ट्रान्सफर्मर र मिटरको व्यवस्थापन हुन सक्ने बताए । उनले शिकारीबासमा विद्युत् जडानका लागि कसैले पनि चासो नदेखाएको प्रस्ट्याए । पहल नभएको कारण विद्युत् नपुगेको उनको भनाइ छ ।

गापाको सिफारिशमा समूह बनाएर सहजरूपमा विद्युत् आपूर्तिको व्यवस्था गर्न सकिने इन्जिनीयर फौज्दारले प्रतीकलाई बताए ।



विद्युत् सेवाको पहुँचविहीन गाउँ शिकारीबास र गाउँलेले बिजुलीका लागि प्रयोग गरेका सोलार प्यानल र बल्ब । तस्वीरः प्रतीक

## मजदूरमाथि लाठी चार्ज, आठजना घाइते

प्रस, परवानीपुर, २२ मङ्सिर/

वीरगंज-पथलैया औद्योगिक कोरिडोरको परवानीपुरमा भारतीय लगानीमा सञ्चालित ब्रिटानिया नेपाल प्रालिमा सोमवार पनि प्रहरीले बल प्रयोग गरेको मजदूरहरूले बताएका छन् ।

मूलगेटमा आन्दोलनरत मजदूरहरूको अवरोध हटाउन वडा प्रहरी कार्यालय श्रीपुरले बल प्रयोग गरी प्रशासनिक कर्मचारी तथा ठेकेदारका कामदारहरूलाई कारखानाभित्र प्रवेश गराएको थियो । बिहान सवा ९ बजे वडा प्रहरी कार्यालय श्रीपुरका प्रहरी निरीक्षक दीपक साह नेतृत्वको टोलीले मूलगेट छेकेर धर्ना दिइरहेका मजदूरहरूमाथि लाठी चार्ज गरी तितरबितर पारेको थियो ।

प्रहरीले गरेको लाठी चार्जबाट आठजना मजदूर घाइते भएका छन् । घाइते हुने मजदूरहरूमा वीरेन्द्र महतो तत्वा, सुनेश महतो तत्वा, प्रदीप साह, सुनील साह, राकेश ठाकुर, मुना पासवान, जीतेन्द्र रायभरलगायत छन् । घाइतेहरू नारायणी अस्पताल वीरगंजमा उपचारपछि घर फर्केका छन् । उनीहरूको हाट, खुट्टा, पिठ्यूँमा चोटपटक लागेको छ । सुनेश महतो तत्वाको हातमा गम्भीर चोट लागेको नेपाल कारखाना श्रमिक सङ्घ ब्रिटानिया नेपाल प्रालि एकाइ अध्यक्ष राजेश्वर महतो कोइरीले बताए । कोइरीले प्रहरी दमनविरुद्ध अधिकारकर्मीहरूलाई छानबिन गरिदिन

बाँकी अन्तिम पातामा



उद्योग अगाडि प्रदर्शन गर्दै तथा लाठीचार्जबाट शरीरमा भएको नीलडाम देखाउँदै एकजना मजदूर । तस्वीर : प्रतीक

## पर्सामा मुख्य न्यायाधीशसहित चारजना महिला न्यायाधीश नियुक्त

प्रस, वीरगंज, २२ मङ्सिर/

पर्सा जिल्लामा पहिलोचोटि मुख्य न्यायाधीशसहित चारजना महिला न्यायाधीश नियुक्त भएका छन् ।

अहिलेसम्म पर्सा जिल्ला अदालत र हालै गठित उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा महिला न्यायाधीशको नियुक्ति भएको थिएन । छठपछि मुख्य न्यायाधीशसहित तीनजना महिला न्यायाधीश नियुक्त भएका र जिल्लाको न्याय क्षेत्रमा यो पहिलो घटना भएको वरिष्ठ अधिवक्ता दीपक राजभण्डारीले बताए । उनले ३० वर्षको वकालतमा कुनै महिला न्यायाधीश नदेखेको र पर्सा जिल्लाको सन्दर्भमा अहिलेसम्म महिला न्यायाधीश नियुक्तिको तथ्याङ्क नरहेको बताए ।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजको मुख्य न्यायाधीशमा सारङ्गा सुवेदी नियुक्त भएर आएकी छन् भने न्यायाधीशहरूमा शान्ता सेढाई सापकोटा, अञ्जु उप्रेती ढकाल र किरणकुमारी गुप्ता नियुक्त भएर कार्यभार सम्हालेका छन् । उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा अहिले १४ जना न्यायाधीश कार्यरत छन्, जसमा मुख्य न्यायाधीशसहित चारजना महिला हुन् ।



सारङ्गा सुवेदी (मुख्य न्यायाधीश)



शान्ता सेढाईं सापकोटा (न्यायाधीश)



अञ्जु उप्रेती ढकाल (न्यायाधीश)



किरणकुमारी गुप्ता (न्यायाधीश)

## प्रहरी बिटनजीकै तीनवटा पसलमा चोरी

प्रस, परवानीपुर, २२ मङ्सिर/

वीरगंजमा चोरी तथा लुटपाटका घटनामा वृद्धि हुँदै गएको छ । चिसो बढ्दै गएपछि राति ९ बजेपछि सडक बजार सुनसान हुने गरेको र सुरक्षाकर्मी पनि चनाखो नहुँदा चोरीका घटना बढेको हो ।

यसै क्रममा गएराति वीरगंज महानगरपालिका-१२ मुर्ली र वडा नं १४ गण्डक बहुअरीका चारवटा पसलबाट लाखौं मूल्यका सामान चोरी भएको छ । गण्डक बहुअरी चोकमा गण्डक नहरको दक्षिणपट्टि रहेको वीरगंज महानगरले भाडामा लगाएको तीनवटा पसलबाट नगद एक लाख र ५ लाख रुपैयाँको सामान चोरी भएको पसलेहरूले बताए ।

दीपेन्द्र पटेलको शिवसागर इन्टरप्राइजेज, सोनालालसाह रौनियारको चन्दन किरानापसल, श्यामबाबू गुप्ताको श्याम/विवेक जनरल स्टोर्स गरी तीनवटा पसलमा चोरी भएको हो ।

आज बिहान ७ बजे पसल खोल्ने क्रममा पसलमाथिको कर्कट पाता फोडेर चोरले धनमाल चोरेको पसलेहरूले थाहा पाएका हुन् । चोरीका घटनाबारे स्थानीय प्रहरी चौकीलाई जानकारी गराइसकिएको पसलेहरूले बताए । चोरी भएको गण्डक चोकमा २४सैं घण्टा दुईजना सुरक्षाकर्मी तैनाथ हुन्छन् । चोकभन्दा ५ सय मिटर पश्चिममा रहेका पसलहरूमा चोरी भएको हो । चोरी भएका पसलेहरूले प्रहरी चनाखो नभएको र इमानदारीपूर्वक ड्युटी नगरेको कारण चोरी भएको आरोप लगाए । प्रहरी सहायक निरीक्षक राजेश मण्डलले भने चोरहरूको खोजी भइरहेको बताएका छन् ।



चोरहरूले पसलमाथिको फोडेको कर्कट पाता । तस्वीरः प्रतीक

यसैगरी, वीरगंज महानगर-१२ मुर्लीका धीरेन्द्र बस्नेतको बाइपास रोडस्थित दिनबन्धु पेट्रोल पम्पनजीकको कोल्ड ड्रिंक्स पसलमा पनि गएराति चोरी भएको छ । उनको पसलबाट ३० हजार नगद, मदिरा, बियर चोरी भएको प्रहरी चौकी बसपार्कका प्रहरी नायब निरीक्षक उपेन्द्र यादवले बताए ।

यहाँ भएको चोरीमा प्रहरीले सफलता पाएको छ । प्रहरीले वीरगंज-१२ मुर्लीकै १८ वर्षीय राजकरण महतो तथा २२ वर्षीय मनोज साहलाई आज बिहान १ बजे चोरीका सामानसहित पक्राउ गरेको प्रनानि यादवले बताए ।

**आँखामा परेको कसिङ्गर, खुट्टामा गडेको काँडा, रुवोमा सल्किएको आगो–यी सबैभन्दा भयानक हुन्छ, मनमा लुकेको कपट र पाप ।**

**-विचारसार र सूक्तिहरू**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## राजनीति पुनः तरलतातर्फ

**विभिन्न आरोह र अवरोहपछि देशको राजनीतिले ठोस आकार लिन नपाउँदै देशको राजनीति पुनः तरलतातर्फ लाग्न थालेको छ । लामो समयदेखि सत्ताधारी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा देखिएको असन्तुष्टि, मनोमालिन्य, कुत्सित सत्तामोह अब उजागर भएर वार कि पारको अवस्थामा आइपुगेको छ । सत्ताधारीमा मच्चिएको खिचलो, प्रतिपक्षी दलको अकर्मण्यताले देशमा बाह्य शक्तिको चलखेल तीव्र बन्दै गएको छ । सत्ताका लागि मात्र राष्ट्रियताको तुरूप फ्याँक्नु कुनै पनि दृष्टिले विवेकसम्मत त थिएन नै, आफैंले गरेको गल्तीको संशोधनमा बाहिरी शक्ति चलमलाउन थाल्दा उदेक मान्नुपर्ने अवस्था पनि देखिन्न । नेपाली जनताले नेकपा एमाले र माओवादी केन्द्रको संयुक्त शक्तिलाई निर्वाचनमा बहुमत दिएर जिताउँदा, सबै नेपाली जनता वाम विचारधारामा प्रवाहित भयो भन्ने भ्रमले सत्तालाई अहम् भयो । वस्तुतः जनताले नेपालमा पनि स्थिर सरकार बनोस्, एउटा सत्ताधारीले पूर्णकाल शासन गरेर बिग्रेको थिति सपारोस्, देश र जनताका लागि पूर्ण मनोयोगका साथ काम गरोस् भन्ने चाहेको थियो ।**

**कुनै व्यक्तिलाई आफूखुशी गर्ने, कुनै दलविशेषलाई जथाभावी गर्ने र प्रतिपक्षलाई पङ्गु बनाउने नियतले जनताले एकतर्फी मत दिएकै होइन । हिजो राजाशाहीको बेला राजाले आफ्नो महत्ता सिद्ध गर्न 'अयोग्य भएकोले' भन्ने निहितार्थ बोकेर कसैलाई पूर्णकाल प्रधानमन्त्रीत्व दिन नखोजेको कुरालाई आदर्श मान्दै, प्रजातन्त्र आएपछि पनि दुईदुईपटक नेपाली काङ्ग्रेसले प्राप्त जनविश्वासको अनादर गर्दै कुनै एक व्यक्तिले पूर्णकाल प्रधानमन्त्रीत्व चलाउन सकेन । त्यसबाट निराश भएको जनताले वामशक्तिलाई, त्यो पनि दुई शक्तिशाली समूहलाई मत दिएको थियो । सरकार स्थिर भयो भने देशको राजनीति पनि स्थिर हुन्छ र नेपालले गणतन्त्र तथा सङ्घीयताबाट पूरापूर लाभ लिन सक्छ भन्ने जनताको आकाङ्क्षालाई वामपन्थीहरूले पनि निराशाको गर्तमा धकेलिदिए । देशमा मानौं प्रतिपक्ष त छँदै थिएन । हताशा र निराशामा डुबेको प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेसले त कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय सवालमा, जनस्वास्थ्यको क्षेत्रमा भएको सरकारी लापरवाहीको सवालमा, राष्ट्रियस्तरका समस्याको सवालमा, देशमा एकपछि अर्को विदेशी शक्तिको चलखेलको सवालमा मुखमा बुजो, कानमा रुवो र आँखामा पट्टी नै बाँधेर बस्यो ।**

**लोकतान्त्रिक राजनीतिको यस निष्क्रियताले हिजो खरानी भएको राजतन्त्रलाई ब्युँताउन खोज्छ भने आश्चर्य किन मान्नु ? राजावादीहरूको उर्लन खोजेको यस गतिविधिले देशको राजनीतिलाई अहिले तरल बनाउन थालेको छ । यही अवसर हो सत्तामा च्याँखे थाप्ने । च्याँखे थाप्न जब सत्ताधारी दलका नेताहरू नै अघि सर्छन् भने अरू दलहरू पनि पाखुरी सुर्काउन शुरू गर्दैनन् भनी निश्चित हुन सकिन्न । यसले देशको समग्र क्षेत्रलाई प्रभावित पार्दैन भन्न सकिन्न । नपत्याएको खोलाले बगाउँछ भन्ने त उखान नै छ । त्यो खोला नेपाली हो भने त भन्नु केही छैन । किनकि दशकपिच्छे नेपाली राजनीतिमा बग्ने–बगाउने खेल चलिरहेको छ । यस्तोमा बाह्य शक्तिले पनि खुट्टा टेक्ने थलो पाइ नै हाल्छ । त्यस खोलाले बगाउने सुर कस्ला भन्ने पीर छ । हिजोसम्म एकतर्फी बाह्य शक्तिको नेपालमा शिकञ्जा कसिएको थियो भने अहिले प्रतिस्पर्धी बाह्य शक्ति पनि चलमलाइसकेको छ ।**

# स्थानीय सरकार, संवैधानिक हैसियत र मधेसको अन्योल

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

२०५२ फागनु १ देखि बान्ह वर्ष चलेको माओवादी जनयुद्धले सुनिश्चित गर्न नसकेको सङ्घीयताको संवैधानिक सुनिनिश्चतता आन्दोलनबाट मात्र भयो र अहिले मुलुक सङ्घीयतामा प्रवेश गरेको मात्र छैन, प्रदेश सङ्घीय तथा स्थानीय गरी तीन तहको सरकारसमेत गठन भइसकेको छ। जुन सङ्घीयताको पहिलो चिनारी हो । संविधानले तीन तहको सरकार मात्र होइन, तीन तहको व्यवस्थापिका पनि गठन गरेको छ र तीनै तहबाट कार्यकारिणी अधिकारको प्रयोग मात्र होइन कानून निर्माण पनि हुन्छ । यसले आफ्नो विकास आफैं गर्ने जनाधिकार प्राप्त भएको छ । यो पूर्ण लोकतन्त्रको प्रत्याभूति हो । यो स्वागतयोग्य मात्र छैन, यसको संरक्षण पनि गणतन्त्रप्रेमीले गर्नुपर्छ । यो समृद्ध र विभेदरहित समाज निर्माणबाट मात्र सम्भव छ । यसका लागि तीनै तहका व्यवस्थापिका र कार्यपालिकाले आआफ्नो संवैधानिक हैसियत अनुसार एक अर्कासँग सहयोग एवं समन्वय गरी काम गर्दा मात्र प्रतिफल प्राप्त हुन्छ। सङ्घीयतालाई जीवनमरणको विषय बनाउनेहरूले यसको सदुपयोग गर्न नसक्दा कार्यान्वयनमा चुनौती थपिन सक्छ। वास्तवमा स्थानीय सरकारले स्वयत्तताको अनुभूति दिएको छ । स्थानीय सरकार प्रदेश सरकार भन्दा पनि संवैधानिक र बलियो छ । केही निश्चित अवस्थामा केन्द्र सरकारले प्रदेश सरकारलाई निलम्बन एवं विघटन गर्न सक्ने अवस्था संविधानमा भएपनि स्थानीय सरकारलाई केन्द्र सरकारले केही गर्न सक्ने देखिन्न । अहिले चुनावबाट गठन भएको सरकारलाई आफ्नो निर्णय लिने अधिकार संविधानले नै दिएको छ। यो सरकार कुनै मन्त्रालय अन्तर्गतको होइन । यसर्थ वर्तमान स्थानीय सरकारलाई कुनै मन्त्रीले निर्देशन वा आदेश दिन सक्ने देखिन्न तर अहिले अभ्यास विगतजस्तै छ। यसमा कानूनको अभाव र जनप्रतिनिधिहरूको परम्परागत सोच कारक देखिन्छ।

नेतृत्वमा पुरानो मान्यता व्याप्त छ। जुन परिवर्तनको बाधक हो । स्थानीय निकाय सञ्चालन गर्ने ऐन २०५५ हाल न लागू छ, न खारेज भएको छ। बलियो स्थानीय सरकार गठन त भइसक्यो तर त्यसले काम गर्ने निश्चित मापदण्ड छैन। यसले अन्योल सिर्जना गरेको छ । विगतजस्तै मन्त्रालय निर्देशन दिन तत्पर छ, भने बलियो र स्वायत्त हुँदाहुँदै पनि स्थानीय सरकार माथिल्लो सरकारको निर्देशनको अपेक्षा राख्दछ । यसले सङ्घीयताको पूर्ण कार्यान्वयन हुन दिएको छैन । अहिले पनि केन्द्रले आर्थिक कारोबारका लागि जनप्रतिनिधिमाथि भरोसा देखाएको छैन। यस कारण सङ्घीयता जोखिममा पर्न सक्छ।

लोकतन्त्रमा हरेक ५ वर्षमा हुनुपर्ने स्थानीय निकायको निर्वाचन लगभग २० वर्ष पछि भयो । अब उप्रान्त यस्तो हुनुहुँदैन। मधेसी जनताले संविधानको केही प्रावधान संशोधन गरेर मात्र चुनावमा जाने अवाज उठाएपनि सरकार र प्रतिपक्षले संशोधनलाई प्राथमिकता दिएन, फलस्वरूप बाध्य भएर मधेसी जनता चुनावमा गयो जसको एक मात्र उद्देश्य थियो, सङ्घीयता र गणतन्त्रको रक्षा। पर्सादेखि सप्तरीसम्मको भूभागलाई प्रदेश बनाएर देश टुक्रिने सम्भावना नदेख्नेहरूले मधेसमा एउटा अर्को प्रदेश बनाउँदैमा राष्ट्रियता कमजोर हुने ठान्नु अतिवाद मात्र हो। धारा २७४ भनेको संविधानको कठोर प्रावधान हो, जसको संशोधन प्रस्ताव खासै प्रतिकूल छैन, तर पनि संशोधन हुनै नदिनु बाल–हठ हो। यसले मधेसमा निर्वाचनलाई महत्त्व नदिएको पुष्टि हुन्छ । यसलाई महत्त्व नदिनुको प्रमुख कारण नै मधेसवादीलाई कमजोर ठान्नु र मधेसी जनताको बलिदानको कदर नगर्नु हो। जुन अलोकतान्त्रिक सोच हो। किनभने लोकतन्त्रमा जनता सार्वभौम हुन्छ भने लोकतन्त्रमा अल्पमतको सम्मान हुनुपर्छ । शक्तिले कसैलाई पेलेर जाने मानसिकता लोकतान्त्रिक होइन । यस क्षेत्रको जनताले संशोधनमार्फत अलग राज्य मागेको होइन। सर्वमान्य सम्मान, अस्तित्व, पहिचान र विकासको अवसर खोजेको हो, जुन अन्यथा होइन। जसलाई सहर्ष स्वीकार गर्नुका साथै सम्मान गर्नु पर्छ तर सरकारले केही देखावटी संशोधन गरेपनि मधेसको मागको नाम पनि सुन्न चाहेको छैन। मधेसी प्रतिपक्षमा व्यक्तिगत रिस–राग विद्यमान रहेको सङ्केत हो । कुनै दलसँग जे जस्तो सम्बन्ध रहेपनि सरकार र प्रतिपक्षले जनतालाई केन्द्रमा राखेर निर्णय गर्नुपर्छ।

संशोधन प्रस्ताव मधेसवादी दलभन्दा बढी मधेसी जनताको चाहना हो। संशोधन प्रस्तावमा आनाकानी गर्दा मधेसी जनतासँग विभेद उत्पन्न हुन सक्छ । मधेसवादी दलहरूबीच वैचारिक विरोधाभासले पनि जनता अन्योलमा परेको र २ नं प्रदेशको चुनौती बढेको हो, जुन अलोकतान्त्रिक मात्र होइन, संविधान र सङ्घीयता कार्यान्यवनमा अवरोध पनि हो । मधेसमा हुने सबै आन्दोलनमा मधेसी जनताको सहभागिता भएको छ। आम जनताले बलिदान दिएको छ। तर चुनावमा मधेसवादी दललाई न पूर्ण समर्थन, न चुनाव बहिष्कारमा सघाएकै देखियो । यस्तो जन–अन्योलले २ नं प्रदेशको अवस्था जटिल हुँदै गएको छ । बितेको चुनावको मधेसवादी दलले बहिष्कार गरे पनि मधेसी जनताले चुनावमा भाग लियो । चुनावमा भाग लिएका मधेसवादीहरूले अपेक्षित मत पनि पाएनन् । यसले गर्दा मधेसको मुद्दामा बल पुग्न सकेको छैन । मधेस मुद्दामा अवरोध पुऱ्याउने शक्तिले बढी जन समर्थन पाएपछि मधेसवादी दलहरूको विरोध गर्ने ऊर्जा नै थपिएको छ। यसो हुनुमा कहीं न कहीं मधेसवादी दलहरूको कमजोरी छ, जुन सुधार नगरी हुन्न ।

जनता संविधान बहिष्कार गरी आन्दोलनमा रहेको बेला नेताहरूले संविधान स्वीकार गरी संसद्को तलब भत्ता तथा संसदीय विकास क्षेत्रको बजेट प्रयोग गर्छन् । उही संविधानमार्फत पद प्रतिष्ठा एवं राज्यको सेवा सुविधा लिन्छन्। बहिष्कार गरेको संविधानमार्फत सरकार बनाउने र खसाउने कुरामा मतदान गर्छन् । जनताले आन्दोलन गरिरहँदा बाहिरी शक्तिको आदेशमा एकाएक आन्दोलन स्थगित गर्छन्। यति हुँदाहुँदै पनि अहिले मधेसवादी दलहरूबीच एकता भएकोले अब उप्रान्त यस्तो कमजोरी नहुने आम अपेक्षा छ। जसलाई नेताहरूले पूरा गर्नुपर्छ।

मधेसवादीबीच विद्यमान विरोधाभासले जनतालाई पत्याउन मुश्किल भएको थियो भने अब उप्रान्त हुने चुनावमा अझ कठिनाई थपिन्छ । सङ्घीय गणतन्त्रमा पनि ग्रहण लाग्न सक्छ, यसर्थ मधेसमा गैरमधेसीवादीले बढी मत पाएपनि जनताले आफ्नो मुद्दा छोडेको वा समर्पण गरेको बुझ्नुहुँदैन । मधेसको माग पूरा गर्न संविधान संशोधनमा कठिनाई सिर्जना गर्नुहुन्न । जारी संविधानले सङ्घीयता स्वीकार गरेपनि सङ्घीय संरचना र कार्यान्वयन अन्योलमा थियो तर स्थानीय निकायको निर्वाचनकोले केही हदसम्म अन्योल चिरेको छ। प्रथमतः यसले सङ्घीय कानून बनाउन बाध्य पाऱ्यो भने सङ्घीयताको पहिलो तहको कार्यपालिका र व्यवस्थापिकाको निर्माण भयो। यसको पहिलो सकारात्मक पक्ष के हो भने गाउँपालिकाको चुनावपछि गाउँको विकासको लागि चाहिने नीति–नियम र कानून गाउँकै जनप्रतिनिधिले बनाउने हो र त्यहाँको साधन स्रोत स्थानीय जनताकै निर्णय अनुसार खर्च गरिने छ भने सरकारबाट आएको अनुदान रकम अब सीधै गाउँपालिकामा जान्छ । तर यसको प्रयोगमा कसैको हस्तक्षेप हुनुहुँदैन ।

कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको कार्य स्थानीय निकायमैं हुने भएकोले निश्चितरूपमा केही थप कर्मचारीको आवश्यकता पर्छ, जसको पूर्ति गर्ने प्राथमिकता स्थानीयले नै पाउनुपर्छ। अहिले नै हरेक गाउँपालिकामा कार्यकारी अधिकृतको नियुक्ति गरिएको छ । जुन रोजगार सिर्जनाको अवसर हो। अब यसको मूल्याङ्कन गर्ने बेला भएको छ । नागरिकता र राहदानी, सिफारिश, सामाजिक सुरक्षा, स्कूल–कलेज, जग्गा रजिस्ट्रेशन, उद्योग दर्तालगायत काम अब गाउँपालिकाबाटै हुने भएकोले सदरमुकाम वा राजधानी जानुको जरूरत छैन । कालान्तरमा यसले हरेक गाउँपालिकामा एउटा सदरमुकाम हुने र हरेक पाँच–सात गाउँपिच्छे एउटा शहर निर्माण हुनेछ। यो आफैंमा एउटा महत्त्वपूर्ण विकास हो। शहरजस्तो बाटो, बजार, विजुली, पानीलगायतको विकास इमानदारीपूर्वक गरियो भने स्वस्फूर्तरूपले विकास हुन्छ ।

पहिले विकसित क्षेत्रलाई नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका घोषणा गरिन्थ्यो तर अबको गाउँपालिका नगरपालिकाभन्दा बलियो र शक्तिशाली हुनेछ। यसले हरेक जनतालाई विकासको अवसर दिनेछ । केन्द्रीय सरकारको मुख ताक्ने अवस्था पनि आउने छैन, यदि वास्तविक स्वायत्तता प्रदान गरियो भने। संविधानले संरचना बनाउने स्वायत्तता दिएको छैन। यसका लागि संविधान संशोधन नगरी हुँदैन, तर सकारात्मक पक्ष के छ भने संविधानले संशोधनको प्रावधान सहज बनाएको छ। संसद्मा प्रतिनिधित्व गर्ने दलहरूबीच विभेद र अतिवाद रहेन भने वर्तमान संरचना सरहको स्वायत्तता दिने गरी संविधानमा संशोधन हुन सक्छ । वर्तमान संविधानले ७ प्रदेशको कल्पनाले विगतको भन्दा अलि बढी रोजगार सिर्जना गरेर नागरिकलाई अवसर प्रदान गर्नेछ ।

> **संसद्मा प्रतिनिधित्व गर्ने दलहरूबीच विभेद र अतिवाद र हेन भने वर्तमान संरचना सरहको स्वायत्तता दिने गरी संविधानमा संशोधन हुन सक्छ। वर्तमान संविधानले ७ प्रदेशको कल्पनाले विगतको भन्दा अलि बढी रोजगार सिर्जना गरेर नागरिकलाई अवसर प्रदान गर्नेछ।**

## सिम्रौनगढ विद्वत् परिषद् गठन

प्रस, सिम्रौनगढ, २२ मङ्सिर/

सिम्रौनगढ विद्वत् परिषद् गठन भएको छ । सुनील मिश्रको अध्यक्षतामा सात सदस्यीय सिम्रौनगढ विद्वत् परिषद् गठन भएको हो । परिषद्को उपाध्यक्ष रामकिशोर पटेल, सचिव नथु सहनी, उपसचिव रामेश्वर प्रसाद, कोषाध्यक्ष रेखा देवी र सदस्यहरूमा सुनील पटेल र प्रमोद प्रसाद छन् । परिषद्को साधारण सदस्य कम्तीमा सयजना र मानार्थ सदस्य रहने व्यवस्था गरिएको सचिव सहनीले बताए। जिल्ला प्रशासन कार्यालय बारामा विधिवत् दर्ता गरेर परिषद् सञ्चालनमा आएको उनले बताए ।



परिषद् गठन भएपछि सामूहिक तस्वीर खिचाउँदै । तस्वीरः प्रतीक

## सही कुराको विश्लेषणमा गलत शब्दको चयन

पाठक प्रतिक्रिया

२१ गते प्रतीकको लेख 'सुख, सुविधा त बढ्दैछ, के हामी सन्तुष्ट पनि छौं ?' पढें ।

असन्तुष्टि आविष्कारको जननी हो र सन्तुष्टि आविष्कारको मृत्यु । लेखकले सन्तुष्टिको मतलब शान्तिको अर्थमा लिएका छन् । सन्तुष्टि, असन्तुष्टि र शान्ति बिल्कुल भिन्न कुरा हुन्। शान्ति न सन्तुष्टिमा हुन्छ, न असन्तुष्टिमा । सुख–सुविधामा रहेर पनि बुद्ध असन्तुष्ट थिए । कसैलाई लाग्न सक्छ, उनले बुद्धत्व प्राप्त गरेपछि, सन्तुष्ट भए । त्यो गलत हो। उनी बुद्धत्व प्राप्तिपछि पनि असन्तुष्ट नै थिए। त्यसैले त उनी दौडेर सारनाथ पुग्थे र अशान्त साथीहरूलाई शान्त पार्थे। उनले दुनियाँ चहारे किनकि असन्तुष्ट थिए। हो उनी त्यस असन्तुष्टिमा पनि शान्त थिए । दरबारको असन्तुष्टिमा उनी अशान्त थिए । अब उनमा अशान्ति थिएन तर असन्तुष्टि थियो। त्यो असन्तुष्टि थियो–दुनियाँलाई कसरी दुःख निवारणको उपक्रममा लगाउने ?

सिरोटिनिन र डोपामिनले मानिसलाई केवल सुखी र खुशी तुल्याउँछ, शान्त पार्दैन। त्यसैले त चिठ्ठा परेपछि कसैको खुशीले हृदयाघात हुन्छ र मर्छ। शान्त व्यक्तिलाई हृदयाघात हुँदैन । बुद्ध, सुकरात, मीरा, कबीर र कृष्णलाई के तपाईंले हृदयाघात भएको सुन्नुभएको छ ?

बिल्कुल असम्भव कुरा। केही छ, जुन डोपामिन र सिरोटिनिनभन्दा पनि माथि छ। भन्नुपर्ने कुरामा सन्तुष्टि र असन्तुष्टिको कुराले हजुरलाई पर पुऱ्याएको छ।

-डा. शिवशङ्कर यादव, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# पारवहन सन्धि र रेल सेवा सम्झौता संशोधन गर्न नेपाल–भारत सहमत

काठमाडौँ, २२ मङ्सिर/रासस

नेपाल भारत पारवहन सन्धि र विद्यमान रेल सेवा सम्झौता संशोधनलाई अन्तिम रूप दिई शीघ्र हस्ताक्षर गर्न दुई देश सहमत भएका छन् ।



नेपाल प्रम केपी शर्मा ओली र भारतीय प्रम नरेन्द्र मोदी(दायाँ) । तस्वीरः फाइल

नेपालले राखेको सो प्रस्तावलाई भारतीय पक्षले सकारात्मक रूपमा लिएको र यी दुई विषयलाई छिट्टै सम्पन्न गर्नसमेत सहमत भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

नेपाल–भारतबीच पारवहन र अनाधिकृत व्यापार नियन्त्रणका लागि बनेको नेपाल र भारतका सचिवस्तरीय अन्तर सरकारी समितिको सोमवार सम्पन्न भिडियो कन्फरेन्समार्फत भएको बैठकमा सो सहमति भएको हो ।

सचिवस्तरीय बैठकमा नेपालका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा वैकुण्ठ अर्याल र भारतीय टोलीको नेतृत्व भारतको वाणिज्य मन्त्रालयका सचिव अनुप वाधवनले गरेका थिए ।

वार्तामा नेपाल भारतबीच वाणिज्य क्षेत्रमा भएका सन्धि तथा सम्झौताहरू नेपाल भारत पारवहन सन्धि, नेपाल भारत वाणिज्य सन्धि, रेल सेवा सम्झौता र अनाधिकृत व्यापार नियन्त्रण सम्झौताका विविध विषयमा छलफल भएको मन्त्रालयका प्रवक्ता उर्मिला केसीले जानकारी दिए ।

वार्तामा दुवै देशका तर्फबाट सीमा भन्सारको स्तरोन्नति, नेपाल भारत संयुक्त व्यावसायिक मञ्च निर्माण, विविआइएन र एमभिएका विषयहरू, दुवै देशका व्यापारिक वस्तुको गुणस्तर र मापदण्ड, वस्तु व्यापारमा रहेका समस्यालगायतका विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ ।

व्यापार प्रवर्द्धनका लागि सीमा भन्सारमा रहेको पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्ने विषयमा द्विपक्षीय वार्ता झैं यस पटकको वार्तामा समेत दुवै पक्ष सहमत देखिएका छन् । भारतीय पक्षले नेपालगञ्जमा एकीकृत जाँच चौकीको निर्माण शुरू भइसकेको तथा भैरहवामा एकीकृत जाँच चौकीको निर्माण शीघ्र शुरू गर्ने तयारीमा रहेको जानकारी गराएका थिए ।

नेपालका तर्फबाट वीरगंज एकीकृत जाँच चौकी तथा विराटनगर एकीकृत जाँच चौकी निर्माणका लागि भारतीय पक्षलाई धन्यवाद दिंदै ती चौकीमा रेल्वे लाइन विस्तार तथा स्तरोन्नतिका लागि अनुरोध गरेको छ । त्यसमा भारतीय पक्षले सम्बन्धित सरोकार भएका निकायसँग छलफल अगाडि बढाउने जानकारी दिएको छ ।

नेपालका तर्फबाट दोधारा चाँदनीमा निर्माण गर्न प्रस्ताव गरिएको सुख्खा बन्दरगाहसँग सामञ्जस्यता हुने गरी दोधरा, चाँदनी, वनबासामा एकीकत जाँच चौकी निर्माण र सो स्थानसम्म रेल सेवा विस्तारका लागि गरिएको अनुरोधलाई भारतले सकारात्मक रूपमा लिएको मन्त्रालयले जनाएको छ ।

दोधारा, चाँदी, वनबासा क्षेत्रमा क्रस बोर्डर इकोनोमिक जोन निर्माणका लागि सम्भावनाका लागि विस्तृत अध्ययन अवधारणा तयार गरी थप छलफल गर्ने र यसका लागि नेपालले अवधारणा पत्र तयार गर्ने सहमति भएको छ । नेपालले हाल बङ्गलादेशसँगको व्यापारका लागि फूलबारी बङ्गलाबन्ध मार्ग प्रयोग गर्दै आएकामा सो मार्गमा हुने ट्राफिक समस्या समाधानका लागि भारतको एसियन हाइवे २ प्रयोग गर्न पाउने व्यवस्थाका लागि भारतीय पक्षलाई अनुरोध गरेको छ । सो अनुरोधमा भारतीय पक्षले सम्बन्धित निकायसँग छलफल गरी नेपाललाई जानकारी गराउने वचन दिएको छ ।

उद्योग र वाणिज्य क्षेत्रको संवाहक निजी क्षेत्र नै भएको विषयमा दुवै देशका प्रतिनिधि सहमत भई नेपाल–भारतबीच सरकारीस्तरमा बाहेक निजी क्षेत्रको संयुक्त व्यावसायिक मञ्च निर्माण भएकामा सन्तोष व्यक्त गर्दै दुवै पक्षले सो मञ्चको पहिलो बैठक सन् २०२१ को पहिलो त्रैमासमा आयोजना गर्ने र त्यसको पहल नेपालले गर्ने भएको छ ।

नेपालको जुट तथा जुटजन्य उत्पादनमा भारतको एन्टी डम्पिङ र काउन्टर भेलिङ शुल्क लगाएको विषयलाई अन्य फोरममा झैं नेपालले यस पटक पनि कुरा उठाएको थियो । नेपाली जुट उद्योगले भारतको आइएसआई प्रमाणपत्र प्राप्त गरेको कारणले भारतको भारतीय खाद्य संस्थानलगायतका सरकारी खरिद प्रक्रियामा सहभागी हुन अनुमतिका लागि नेपालले आग्रह गरेकामा त्यसमा समेत छलफल गरी आवश्यक निर्णय गरिने भएको छ ।

यस्तै २०२० डिसेम्बर ३ र ४ मा भएको नेपाल भारत अन्तर सरकारी उपसमितिमा सहमति भएका पूर्वाधार, पारवहन, व्यापार तथा लगानीसँग सम्बन्धित सबै विषयलाई समितिले ग्रहण गर्ने कुरामा दुवै मुलुकका सचिव सहमत हुँदै दुवै पक्षले एक अर्कालाई सौहार्दपूर्ण वातावरणमा वार्ता सम्पन्न भएकोमा धन्यवाद दिएको मन्त्रालयका प्रवक्ता उर्मिला केसीले जानकारी दिए ।



सोलुखुम्बुको थामडाँडाबाट लुक्ला, नाम्चे र सगरमाथा क्षेत्रका सडक नपुगेका बस्तीमा खाद्यान्न र अन्य दैनिक आवश्यक वस्तु बोक्दै खच्चद तथा जोक्योहरू । केही वर्ष अगाडिसम्म सोलुखुम्बुको सदरमुकाम सल्लेरीबाट हुने ढुवानी अब थामडाँडाबाट हुन थालेको छ । अबको केही वर्षमा थामडाँडा, पैया, सुर्के, हाडीखोला हुँदै लुक्ला सडकमा जोडिनेछ। तस्वीर : रासस

# मनोसामाजिक समस्या वृद्धि

टीकापुर, २२ मङ्सिर/रासस

नेपालमा कोरोना सङ्क्रमणपछि भएको बन्दाबन्दीका कारण टीकापुरका मानसिंह परियार पाँच महिनादेखि राम्ररी सुत्नु भएको छैन । मानसिंहका दुई छोरा रोजगारीका सिलसिलामा विदेशमा थिए । विश्वभरि महामारीकारूपमा फैलिएको कोरानाका कारण छोराको रोजगारीसमेत गुमेपछि उनको भोक निद्रा हरायो ।

नेपालबाट रकम पठाएर भारतमा रहेका छोराबुहारीलाई मानसिंहले नेपाल ल्याए । मानसिंहलाई रोजगार गुमेर विदेशमा रहेका छोराको अझै चिन्ता छ। दुवै छोराको रोजगार सङ्कटमा परेपछि उनको घरखर्च चलाउनसमेत समस्या भएको छ । यतिधेरै समस्या झेल्नुभएका उनलाई आजभोलि भोक, निन्द्रा नलाग्ने र एक्लै कुरा गर्ने बानी बसेको छ ।

'मलाई चिन्ता त चैतबाटै शुरू भयो, तर निन्द्रै नलाग्ने समस्या भएको पाँच महिना भयो', उनले भने, 'निन्द्रा हराउनेसँगै अन्य समस्या पनि शुरू भयो। खाना खान मन नलाग्ने, टोलाउने, अरूसँग रिस उठ्नेजस्ता समस्या भएका छन् ।' नेपालमा गत चैतदेखि बन्दाबन्दी भएको हो । बन्दाबन्दीपछि नेपालको सामाजिक र आर्थिक क्षेत्रमा ठूलो क्षति पुगेको छ। सामाजिक र आर्थिक क्षेत्रमा परेको क्षतिको असर मानिसको मनसम्मै पुगेको छ । विदेश तथा भारतमा रहेका आफन्तको कमाइबाट घर चलेका कैलालीका केही परिवारमा मनोसामाजिक समस्या देखिन थालेको छ ।

कैलालीकै अकी महिलालाई पनि मनोसमस्या शुरू भएको छ । दुई छोरा र श्रीमान् रोजगारीका सिलसिलामा भारतमा थिए । बन्दाबन्दी भएपछि तीनै जनाको रोजगारी गुम्यो । घरमा चुल्हो बल्न पनि मुश्किल भयो । निकै कष्ट झेलेका श्रीमान् भारतबाट घर फर्केपछि १४ दिन क्वारेन्टिनमा अलग्गै बसे । 'मलाई छिनछिनमा पसिना आउँछ, काम गर्ने जागर चल्दैन, एक्लै बोलिरहेको हुन्छु', उनले भने, 'ओहो चिन्ताले मानिसलाई बर्बाद पार्दोरहेछ, म दुब्लाएकी छु ।'

बन्दाबन्दीपछि गर्भवती तथा सुत्केरीले अझ बढी मानसिक तनाव झेले । कैलालीकी कामना बोहराले बन्दाबन्दीकै बीचमा बच्चा जन्माए । गर्भावस्थामा उनीलाई निकै तनाव भयो, जसले उनी कमजोर भइकी छिन् । 'भारतमा रहेका पतिको रोजगार गुमेको छ । मेरो बच्चा अहिले एक महिनाको छ', कामनाले भने, 'तीन दिनसम्म सुत्केरी व्यथा लाग्यो, कोरोना सङ्क्रमणको डरले शुरूमा अस्पताल जान सकिएन । सुत्केरीपछि बढी रक्तश्राव भएपछि आफन्तले अस्पताल ल्याए, अनि बाचें ।' कामनाको शरीरमा डाक्टरले रगत कम भएकाले चढाउनुपर्ने बताएपनि आर्थिक समस्याले चढाउन सक्नुभएन । गर्भावस्थामा त्रासले सुत्नै नसकेको उनको अनुभव छ । 'अहिले पनि मलाई निन्द्रा नलाग्ने समस्या छ, बच्चा सानो छ । गर्भावस्थामा पनि आर्थिक र मानसिक तनावले म खुशी रहन सकिनँ', कामनाले भनीन्, 'अहिले बच्चा पनि कमजोर छ । म त राति निन्द्रामा पनि बर्बराउन थालें, छिमेकी स्वयंसेविकालाई समस्या भनेपछि डाक्टरको सल्लाहनुसार औषधि खाइरहेकी छु ।'

टीकापुर नगरपालिकाका मनोसामाजिक परामर्शकर्ता धनराज विक बन्दाबन्दीपछि कैलालीको टीकापुरका २५४ जनालाई मनोपरामर्श सेवा दिएको बताउनुहुन्छ । विकका अनुसार बन्दाबन्दीपछि मनोसमस्या देखिनेमा महिलाको सङ्ख्या बढी छ । मानसिक समस्या समयमै व्यवस्थापन गर्न नसके भविष्यमा सङ्कट निम्तने देखिन्छ । 'मनोसमस्या देखिनेमा धेरै वैदेशिक रोजगारीमा रहेका परिवारका सदस्य, विदेश तथा भारतबाट फर्केर रोजगारी गुमेका नागरिक, गर्भवती, बच्चाका आमाहरू छन्', मनोसामाजिक परामर्शकर्ता विक भन्नुहुन्छ, 'किशोर किशोरीमा पनि मनोसमस्या देखिएको छ । लामो समय विद्यालय नचल्दा विद्यार्थीमा पनि गलत विचार आउनुले पछि मनोसमस्या हुनसक्छ ।'

मनोचिकित्सक डाक्टर मोहन बेल्वासे कोरोना सङ्क्रमण बढेपछि मनोसामाजिक समस्या बढेको बताउनुहुन्छ। उहाँ मानसिक समस्याको समयमै उपचार गरिएन भने पछि जटिलता आउने भएकाले समयमै उपचार गर्नुपर्ने बताउनुहुन्छ । 'बन्दाबन्दीपछि बिरामी दोब्बरले बढेका छन् । मानिसको जीवनमा सामान्य परिवर्तन आयो, अप्ठ्यारो महसुस भए तुरून्त चिकित्सकको सम्पर्कमा जानुपर्छ', मनोचिकित्सक डा बेल्वासे भन्नुहुन्छ, 'मन नै सबैभन्दा ठूलो कुरा हो ।

यही मनले अपराध गर्छ भने यही मनले माया र सद्भाव बाँडेको हुन्छ, त्यसैले मनमा गलत विचार र गलत सोँच आउन दिनुहुँदैन ।' डा. बेल्वासेले तनाव र समस्यालाई सामान्यरूपले व्यवस्थापन गर्ने बाटो खोज्न परिवार, समाजका साथ चाहिने र समस्या भएकालाई समयमै उपचार सेवा दिनुपर्ने सुझाव छ ।



झन्डै एक वर्षपछि हुम्लाको सिमकोट विमानस्थलमा सोमवारदेखि उडान भरेको राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स)को हवाईजहाज। नेपाल एयरलाइन्सले अब हुम्लामा नेपालगंजबाट हप्ताको एक दिन उडान गर्ने भएको छ। तस्वीरः रासस

# मदन भण्डारी लोकमार्ग : पूर्वी खण्डको निर्माण अन्तिम चरणमा

काठमाडौं, २२ मङ्सिर/रासस

पूर्वपश्चिम राजमार्गको विकल्पका रूपमा अगाडि बढाइएको मदन भण्डारी लोकमार्गअन्तर्गत धरान–चतरा–सिन्धुली–हेटौंडा खण्डको काम अन्तिम चरणमा पुगेको छ।

झापाको बाहुनडाँगीस्थित मिर्चीडाँगी चोकबाट चुरेको फेदी हुँदै पश्चिममा डडेलधुराको रूपाल पुग्ने करिब एक हजार २ सय ५० किमि लोकमार्गको २ सय ५० किमि लामो यो खण्डमा सडक निर्माण ९५ प्रतिशत र पुल निर्माण ८५ प्रतिशत सकिएको छ। चालू आर्थिक वर्षभित्रै सो आयोजना सम्पन्न गर्न लक्ष्य लिएको मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ।

पहिलो चौमासिकमा यो आयोजनामा तुलनात्मक रूपमा बढी काम भएको सडक विभागले जनाएको छ। धरान–चतरा–हेटौंडा खण्डको २५० किलोमिटर सडकमध्ये अहिले २५ किमी सडकमा कालोपत्रको काम भइरहेको निर्देशनालयका प्रमुख उमेशबिन्दु श्रेष्ठले बताए। यो खण्डमा ७६ पुल निर्माण गर्नुपर्नेमा दुई पुल मात्रै निर्माण सम्पन्न हुन बाँकी छ। उनले भने, "दुई पुल पनि चाँडै सकिने देखिएका छ।"

भर्खर ठेक्का सम्झौता भएकाबाहेक अरू पुल निर्माण पूरा हुन लागेको हो। यही खण्डमा १८ पुल निर्माणका लागि गत असारमा ठेक्का सम्झौता भएको प्रमुख श्रेष्ठले जानकारी दिए। उनले भने, "यी पुल सकिन अझै साढे तीन वर्ष लाग्नेछ।"

पहिलो त्रैमासिकसम्ममा यो आयोजनाले रु ५४ करोड (यो आवको बजेटको १८ प्रतिशत) भुक्तानी गरिसकेको छ। अर्थ मन्त्रालयले चालु आवमा विनियोजन गरेको बजेट पर्याप्त नहुने भएकाले थप बजेटको आवश्यकता पर्ने प्रमुख श्रेष्ठले बताए। उनका अनुसार विनियोजित बजेटभन्दा दोब्बर खर्च हुने देखिएको छ। उनले भने, "यही गतिमा काम हुँदा खर्च धेरै हुने देखिएको छ।"

आयोजनालाई पूर्वी र पश्चिम खण्ड गरी बाँडिएको छ। जसमध्ये पूर्वी खण्डको निर्माण झन्डै सकिने चरणमा हुँदा पश्चिम खण्डमा भने डिजाइनको तयारी अघि बढाइएको आयोजनाले जनाएको छ। पश्चिम खण्डमा चालु आवभित्रै डिजाइन भएपछि कुनै कुनै खण्डमा निर्माणको प्रक्रियामा जाने उनको भनाइ छ। यो वर्ष तीन/चार सडक खण्डको ठेक्कामा जाने योजना रहेको छ। उनले भने, "यो वर्ष डिजाइन र ठेक्का शुरू हुँदा आगामी वर्षबाट निर्माण शुरू हुनेछ।"

विश्वव्यापी रूपमा फैलिएको कोभिड–१९ का कारण निर्माणमा पनि बाधा पुगेको थियो। कोभिडको समयमा काम गर्न सहज नभए पनि प्रशासन र स्थानीय तहसँगको समन्वयमा निर्माणलाई अघि बढाइएको आयोजनाले जनाएको छ। स्वास्थ्य मापदण्ड अपनाएर निर्माण गरिएको प्रमुख श्रेष्ठले बताए। उनका अनुसार अझै पनि सामान्य अवस्थामा जसरी काम गर्न वातावरण बनिसकेको छैन। उनले भने, "हामीले अझै चैत पहिले जसरी गर्न सकेका छैनौं।"



निर्माणाधीन मदन भण्डारी लोकमार्ग। तस्वीरः फाइल

सो आयोजनामा निर्माणका क्रममा पहिले जग्गाको समस्या देखिए पनि त्यसको समाधान भइसकेको छ। पहिले नै सञ्चालनमा रहेका टुक्रा–टुक्रा सडकलाई राजमार्ग घोषणा गरेसँगै स्थानीयवासीले सडकको मापदण्डका कारण अप्ठेरो पर्ने बताएका थिए। वन क्षेत्रमा विभिन्न समस्या भएकामा सरोकार राख्ने निकायसँगको समन्वयमा समाधान गरिएको थियो। राष्ट्रिय राजमार्गको मापदण्ड चौडाइ ५० मिटर हुने भए पनि हाल नौदेखि ११ मिटर चौडाइमा कालोपत्र भइरहेको छ। तराईमा ११ र पहाडी क्षेत्रमा नौ मिटर चौडाइ कायम गरिएको उनले बताए। उनले भने, "पहिले पाँच मिटरसमेत नभएकामा हामीले विस्तार गरेर निर्माण गरिरहेका छौं।"

आयोजनाको निर्माण विसं २०८२ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ। सरकारको उच्च प्राथमिकतामा रहेको पूर्व–पश्चिम जोड्ने वैकल्पिक सडक मदन भण्डारी राजमार्गको निर्माण कार्य तीव्र गतिमा अगाडि बढेको छ। आयोजनामा पहिले नै भएका सडकको स्तरोन्नतिको काम भइरहादा सवारीसाधन सञ्चालन भइरहको प्रमुख श्रेष्ठले बताए।

नयाँ ट्र्याक खोल्नेभन्दा पनि पहिले नै सञ्चालनमा रहेका सडकलाई स्तरोन्नतिको काम यो राजमार्गमा बढी भएको छ। विगतदेखि नै विभिन्न निकायले सडकमा पूर्वाधार निर्माण र कालोपत्र गर्दै आएका थिए। अझ पनि एक तिहाइभन्दा बढी सडकको निर्माण सडक विभाग अन्तर्गतकै डिभिजन सडक कार्यालयहरूले गरिरहेका छन्। राजमार्गको लम्बाइ एक हजार २५० किमी भए पनि अहिले आयोजनाले ७६५ किमी सडकमा मात्रै निर्माणको काम गरिरहेको छ।

सडक निर्माणलाई गति दिनकै लागि आयोजनाले हाल चार ठाउँमा कार्यालय स्थापना गर्न लागिएको जनाएको छ। निर्देशनालयअन्तर्गत अहिले झापाको दमक, उदयपुरको गाईघाट, गुल्मीको तम्घास र मकवानपुरको हेटौंडामा कार्यालय छन्। दाङ, सुर्खेत लगायत डिभिजन सडक कार्यालयले पनि राजमार्गमा निर्माणको काम गरिररहेका छन्।

पूर्व–पश्चिम राजमार्ग, मध्यपहाडी लोकमार्ग र हुलाकी राजमार्गपछि यो पूर्वपश्चिम जोड्ने चौथो राजमार्गका रूपमा रहेको छ। नयाँ ट्र्याक खोल्नेभन्दा सञ्चालनमा रहेका टुक्राटुक्रा सडक जोडेर राजमार्गको निर्माण भइरहेको छ। विसं २०७३ मा धरान–चतरा–गाईघाट–कटारी–सिन्धुली–हेटौंडा सडक आयोजनाको नाममा यो आयोजना शुरू भएको थियो। दुई वर्षपहिले सरकारको निर्णयानुसार सडकको नामकरण गरिएको हो।


काकडभिट्टा–इनरूवा खण्डमा समस्या समाधानको पहल शुरू

रेल विभागले पूर्व–पश्चिम विद्युतीय रेलमार्ग निर्माणका क्रममा काकडभिट्टा इनरूवा खण्डमा रहेका समस्या समाधानको पहल शुरू गरेको छ।

गत वर्ष विभागले यस खण्डमा जग्गा अधिग्रहण शुरू गरेको थियो। सो क्रममा आएका समस्या स्थानीयस्तरमा नै बुझेर समाधान गर्न खोजिएको विभागका सिनियर डिभिजनल इञ्जिनीयर अमन चित्रकारले बताए। उनका अनुसार समस्या बुझ्नका लागि विभागका केही कर्मचारी ती जिल्लाका सम्बन्धित पालिकामा पुगेका छन्। उनले भने, "उनीहरूले सम्बन्धित वडामा नै पुगेर त्यहााका जनप्रतिनिधिलगायत सम्बन्धित व्यक्तिलाई भेटेर त्यहाँका समस्या पहिचान गरेपछि हामीलाई अघि बढ्न सजिलो हुनेछ।"

गत वर्ष नै यस खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन (इअइए) अध्ययन भइसकेका थिए। विभागले झापादेखि मोरङ र सुनसरी खण्डको कूल १०६ किलोमिटर लामो रेलमार्ग निर्माणका लागि जग्गाधनीलाई मुआब्जा वितरण गरी काम शुरू गर्न लागिएको हो।

यो खण्डमा माटो कटानको काम अवरूद्ध हुँदा अरू खण्डमा भने ट्र्याक बेल्ड निर्माण अघि बढेको विभागले जनाएको छ। बर्दिवास–निजगढ खण्डमा पर्ने रौतहटको सन्तपुर क्षेत्रमा ट्र्याक बेड तथा त्यसमा पर्ने मुख्य र सहायक संरचनाको काम भइरहेको छ। नेपाली लगानी तथा नेपाली निर्माण व्यवसायीले लकडाउनका समयमा समेत काम जारी राखेका छन्। यस्तै विजलपुरा खण्डमा पनि निर्माणको काम भइरहेको छ। विभागले स्थानीय प्रशासन र निर्माण व्यवसायीसँग पनि आवश्यक सहजीकरण गरिरहेको छ।



पोखराको फेवातालमा लामो समयदेखि बाँधेर राखिएका डुङ्गा। तस्वीरः रासस

# जाडो यामका लागि पोषिलो खानाहरु

**मीरा शाह** (पोषण विज्ञ)
कीर्तिपुर बर्न अस्पताल
नेपाल नेशनल अस्पताल
(मार्क इन्टरनेशनल किडनी सेन्टर)

जाडोयामको शुरूआतसँगै विभिन्न सङ्क्रमण बढ्ने भएकोले आफ्नो स्वास्थ्यमा बढी ध्यान दिनु आवश्यक छ। झन् यो बेला अरू बेलाभन्दा खानेकुरा पचाउन सजिलो हुन्छ। तर अल्छी भएर हामी पानी कम खान्छौं, जसले शरीर सुख्खा भई कमजोरी हुन थाल्दछ। अहिले कोरोनाको बेलामा धेरैले आफ्नो स्वास्थ्यलाई अरूको देखासिखी उल्टो तरीकाले झोलिलो खानेकुरा, काँढा



आदि बढी प्रयोग गरेर आफैं जोखिममा परेका छन्। जाडोमा कुनकुन कुरा खाँदा शरीर न्यानो र शक्ति प्राप्त हुन्छ, तल उल्लेख गरिएको छ–

**विभिन्न प्रकारका मौसमी तरकारी र सागपात–** यो ताजा तरकारी तथा सागपात पाइने मौसम भएकोले यसको भरपूर उपयोग गर्नुपर्छ। काउली, बन्दा, ब्रोकाउली, सिमी, बोडी, सखरखण्ड, गाजर आदि खानुपर्छ।

**भिटामिन सी–** यो पानीमा घुल्ने भएकोले हाम्रो शरीरले उत्पादन गर्दैन र हामीले बाहिरबाट भिटामिन सीयुक्त फलफूल, तरकारी सेवन गर्नुपर्छ। अहिले सुन्तलाको मौसम भएकोले, सेवन गर्नु राम्रो हो। तर कतिपयले चिसोमा सुन्तला खानुहुन्न, रुघा लाग्छ भनेर खाँदैनन्। जाडोमा पाइने फलफूल दैनिक सेवन गर्नुपर्छ। अम्लीय फलफूलमा भिटामिन सी भरपूर पाइन्छ। अमला, कागती, स्ट्राबेरी, खर्बुजा, सुन्तला, मौसमी, किवि, अनार आदि खानुपर्छ। भिटामिन डी का लागि यो बेला घाममा बस्नु राम्रो हो।

**फर्सी**–कतिपय व्यक्तिलाई फर्सीको औषधीय गुण थाहा नहोला, आज यसबारे चर्चा गरौं। यसमा भिटामिन सी, डी, फोलिक एसिड, क्यारोटिन, इनर्जी,



एमिनो एसिड, पोटासियम, म्यागनेसियम कपर, लौह तत्त्व आदिले भरिपूर्ण हुन्छ। यसको सेवन यस बेला गर्दा विशेष फायदा पुग्छ। इनर्जी बढी दिने, एन्टिअक्सिडेन्ट, अल्फा क्यारोटिन, बिटा क्यारोटिन, बिटा क्राइपटोसाइथिन र फ्री रेडिकल्स आदि भएकोले क्यान्सर, घामले जलेको छाला, छालाको रोग, मुटु रोग, सङ्क्रमण, सेतो रक्तकोष, नयाँ तन्तु बनाउन मदत गर्दछ। पुराना रोगहरू, ब्याक्टेरिया मार्ने काम, इम्युनिटी बढाउने, रोग प्रतिरोधात्मक क्षमता बढाउने, स्वस्थ छाला, चम्किलो मुहार बनाउँछ र घाउ आदि निको पार्न मदत गर्दछ।

**क्वाँटी सुप, झोल क्वाँटी–** क्वाँटीको सुप नेपाली परम्परागत खाइने परिकार हो। नेवारी समुदायमा 'क्वाँटी पुन्हि' भन्ने चलन नै छ। विशेषगरी जनै पूर्णिमामा खाने चलन रहिआएको छ।



तर हिउँदमा बढी खाने गरिन्छ। यसको सेवन गर्दा विभिन्न स्वास्थजनक फायदा पुग्छ। यसमा नौ प्रकारका गेंडागुडी समावेश हुन्छ। फरकफरक गेंडागुडीमा फरकफरक प्रकारको पोषक तत्त्व प्रचुर

मात्रामा पाइन्छ। नेवारी भाषामा 'क्वाँ'को अर्थ तातो र 'टी' को अर्थ सुप हो, जसलाई हामी तातो सुप भनेर सेवन गर्दछौं। यसको प्रयोग हामी जुन बेला

पनि गर्न सक्छौं। यो सहज पाउने, पोषक तत्त्वले भरिपूर्ण हुन्छ। शक्ति दिने, कमजोरी हुनबाट जोगाउने, कुपोषण हुन नदिने, रक्त अल्पत्ता, शरीर न्यानो राख्ने, जाडो हुन नदिने, आदि यसको गुण हो। शाकाहारी व्यक्तिका लागि यो प्रोटिनको प्रमुख स्रोत हो। बिरामीदेखि स्वस्थ व्यक्ति, सबैले यसको सेवन गर्न सक्छ, र यो मांसाहारभन्दा कैयौं गुणा सस्तो हुन्छ।

**गहत–** गहत तराई भेगमा पाइन्छ साथै भारत, बङ्गलादेश आदि ठाउँमा पाइन्छ। यसलाई कुर्थी, कुल्थी आदि नामले पनि चिनिन्छ। तराईमा खासगरी जाडोमा बगिया बनाएर खाने चलन छ



भने धेरैले यसलाई दालको रूपमा प्रयोग गर्छन्। यो सम्पूर्ण पोषक तत्त्वले भरिपूर्ण हुन्छ। प्रोटिन, लौह तत्त्व, क्याल्सियम, खनिज तत्त्व, फाइबर, भिटामिन ए, क्यारोटिन, कपर, इनजी, म्याग्नेसियम, आदि पाइन्छ।

**यसको सेवनले हुने फायदाहरू–** पखाला रोक्ने, पेटको समस्या, रगत बग्ने समस्या, मिर्गौलाको पत्थरी, उच्च रक्तचाप, मधुमेह, इन्सुलिन हटाउन, पेटको बोसो हटाउने, शरीरबाट नराम्रो चिल्लो पदार्थ हटाउने, नराम्रो कोलेस्टेरोल घटाउने, शरीरलाई छरितो पार्ने, मोटापा घटाउने, आदि। यसले पुरुषमा स्पर्मको कमी हुन बाट पनि बचाउँछ। यसमा कम क्यालोरी भएकोले तौल नियन्त्रणमा सहयोग पुर्‍याउँछ। गहतमा भएको क्याल्सियम म्याग्नेसियम, फोस्फोरस, एमिनो एसिडले स्पर्म बढाउने काम गर्दछ।

**गहत कसरी पकाउने**–गहतको सुप, सलाद, दाल आदि पकाएर खाने चलन छ। यो फलामको भाँडोमा पकाएर खाँदा झन् बढी फायदा गर्छ। राति वा कम्तीमा २ र ३ घण्टा जति पानीमा भिजाउने, हरियो खुर्सानी, जीरा, अदुवा, लसुन, मरिच, धनियाको धूलो , बेसार, ल्वाङ, सुकमेल आदि हालेर कम्तिमा १५ देखि २० मिनेटसम्म कुकरमा पकाएपछि फलामको भाँडामा राख्ने। दुई चम्चा घ्यु, जीरा, काटेको अदुवा, जिम्बुले झान्ने। यो रोटी वा भात जेसँग पनि खान सकिन्छ।

**चिया सिडस–** यसमा ओमेगा थ्री फ्याटी एसिड, ओमेगा ६ फ्याटी एसिड, फाइबर आदि पाइन्छ। अहिले कोरोनाको बेला यसको सेवन बढेको छ। यसले मोटोपन हटाउँछ, तौल घटनउँछ, पेटको बोसो कम गनए सहयोग गर्दछ। राति एक चम्चा भिजाएर बिहान एक गिलास मनतातो पानीमा खाली पेटमा खाँदा विशेष फायदा पुर्‍याउँछ।


**एभोकाडो**–एभोकाडो जसले पनि खाँदा हुन्छ, यसमा म्याग्नेसियम, पोटासियम र मोनो अन्स्याचुरेटेड फ्याटी एसिड हुने भएकोले खराब कोलेसटेरोल हटाउँछ, मुटु रोग हुनबाट जोगाउँछ।

# अन्तर्राष्ट्रिय समाचार

## चिनियाँ खोप निर्मातालाई ५० करोड डलर सरकारी अनुदान

बेइजिङ, २२ मङ्सिर/सिन्हवा

चीनको औषधि निर्माता कम्पनी सिनोभ्याक बायोटेकलाई कोरोना भाइरसविरुद्धको खोप उत्पादनमा सघाउन चीन सरकारले झन्डै ५० करोड अमेरिकी डलर थप अनुदान उपलब्ध गराएको छ। सरकारी विवरण अनुसार चीनले कोरोना भाइरसलाई नियन्त्रणमा लिइसकेको छ। हाल देशभर २८१ जना मात्र सक्रिय सङ्क्रमित छन्।



तस्वीरः सिन्हवा

तर चीनले खोप निर्माण गरी विश्वलाई नै सार्वजनिक वस्तुको रूपमा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेको छ। कोरोना भाइरस फैलाएको दोषबाट मुक्त हुन पनि चीनले खोपमा लगानी बढाएको विश्वास गरिएको छ।

हङकङमा मेडिकल अनुसन्धान फर्मका रूपमा सूचीकृत सिनो बायोफर्मास्यूटिकल लिमिटेडले सोमवार एक विज्ञप्ति प्रकाशन गरी कोरोनाभ्याकको विकास र उत्पादनका लागि कम्पनीले ५१ करोड ५० लाख डलर लगानी गर्ने घोषणा गरेको छ। सिनोभ्याकको यो सर्वाधिक उच्चस्तरको खोप हो।

चीनकै अग्रणी खोप निर्माता सिनोभ्याकले कोरोनाभ्याकको विकास, क्षमता विस्तार र उत्पादनका लागि चीन सरकारबाट प्राप्त हुने रकम खर्च गर्ने जनाएको छ।

सिनोभ्याकले यसै वर्षको अन्त्यसम्ममा ६० करोड डोज कोरोनाभ्याक उत्पादन गर्न सक्षम हुने जनाएको छ। सम्झौताबमोजिम सिनो बायोफर्मास्यूटिकलले सिनोभ्याकमा १५ प्रतिशत शेयर प्राप्त गर्नेछ।

चिनियाँ खोपलाई व्यापक वितरणका लागि नियामक निकायहरूबाट अनुमति प्राप्त गर्न बाँकी रहे पनि चीन सरकारले आपत्कालीन प्रयोगका लागि यो खोपलाई स्वीकृति प्रदान गरिसकेको छ। जुलाई यता मात्र ठूलो सङ्ख्याका सरकारी कर्मचारीदेखि विदेशी विद्यार्थीहरूले यो खोप लगाइसकेका छन्।

कोरोनाभ्याक खोप ब्रजीलसमेतका धेरै देशमा परीक्षण भइरहेको छ। गत नोभेम्बरमा खोप दिइएका एक व्यक्तिमा स्वास्थ्य समस्या उत्पन्न भएपछि केही कठिनाइ बेहोरेको सिनोभ्याकले तेस्रो तथा अन्तिम चरणको खोप परीक्षण पुनः शुरू गरिसकेको छ।


सिनोभ्याकका प्रमुख कार्यकारी यिन वाइदोङले एशिया र दक्षिण अमेरिकी मुलुकहरूमा जारी क्लिनिकल परीक्षण अन्तिम चरणमा प्रवेश गरेको बताएका छन्। कम्पनीले यसअघि आफ्ना सबै कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूले खोप लगाइसकेको जनाएको थियो।

चीनको अर्को खोप निर्माता सिनोफार्मले गत नोभेम्बरमा करीब १० लाख मानिसले आफ्नो खोप परीक्षणमा सहभागिता जनाएको बताएको थियो। गत साता खोप स्वीकृत गर्ने पश्चिमा मुलुकहरूमा बेलायत पहिलो राष्ट्र भइसकेको छ। रासस

## ओलम्पिकका लागि क्वीन्सल्यान्डले दाबी गर्ने

सिड्नी, २२ मङ्सिर/सिन्हवा

अस्ट्रेलियाको क्वीन्सल्यान्ड राज्यले सन् २०३२ को ओलम्पिक खेल आयोजनाका लागि आफूले प्रस्ताव अगाडि सार्ने घोषणा गरेको छ। कोरोना भाइरस



महामारीका कारण ओलम्पिक खेल आयोजना गर्नेसम्बन्धी यसअघि गरिएका तयारी स्थगन गरिए पनि अब चाँडै यसबारेमा प्रयत्न थालिने उक्त राज्यका अधिकारीहरूले बताएका छन्।

राज्यकी मुख्यमन्त्री अनास्तासिया पालास्जुकले सोमवार ओलम्पिक कार्यदल गठन प्रक्रिया थालनी गरिएको जानकारी दिइन्। उनले कार्यदलको सुझावबमोजिम क्विन्सल्यान्डमा ओलम्पिक खेल ल्याउन प्रयत्न गरिने बताइन्। उनले कार्यदलका सदस्यहरूले सन् २०२१ को जुलाई २३ का लागि तय भएको टोकियो ओलम्पिकका गतिविधिलाई नजीकबाट नियालिरहेको जानकारी दिइन्। उनले भनिन्, "कोरोना भाइरसको सङ्कटपछिको विश्वमा टोकियो ओलम्पिकको विकासक्रमलाई हामीले ध्यान दिनुपर्छ।"

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका उपाध्यक्ष एवं अस्ट्रेलियाली ओलम्पिक कमिटीका अध्यक्ष जोन कोट्ससँग सोमवार नै मुख्यमन्त्री पालास्जुकले भेटवार्ता गरेकी थिइन्।

कोट्सका अनुसार सन् २०३२ को ओलम्पिक आयोजनाका लागि हालसम्म मोटामोटी पाँचवटा देशले चासो देखाएका छन्।

कोट्सले अस्ट्रेलियामा कोरोना भाइरसको सङ्क्रमण लगभग नियन्त्रणमा आइसकेकाले सबै अस्ट्रेलियावासीले ओलम्पिक खेलको आयोजनाका बारेमा सकारात्मकरूपमा सोच्न सक्ने बताए।

उनले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष थोमस बाखले जापानका प्रधानमन्त्री योसिहिडे सुगासँग गत महीना टोकियोमा भेटवार्ता भएको र टोकियो ओलम्पिक निर्धारित मितिमैं हुनेमा दुवै नेता सहमत भएको पनि जानकारी दिए। रासस

## रोमानियामा विपक्षीलाई झिनो अग्रता

बुखारेस्ट, २२ मङ्सिर/सिन्हवा

रोमानियाको मुख्य विपक्षी दल सोशल डेमोक्रेटिक पार्टी (पिएसडी)ले संसद्को आमनिर्वाचनमा झिनो अग्रता कायम गरेको छ। करीब ९८ प्रतिशत मतगणना भइसक्दा पिएसडीले ३१ प्रतिशत मत प्राप्त गरेको छ।

निर्वाचन आयोगका अनुसार पूर्वानुमानविपरीत सत्तारूढ दल नेशनल लिबरल पार्टी (एनएलपी) २६ प्रतिशत मतसहित दोस्रो स्थानमा पुगेको छ।

संसद्मा उपस्थिति जनाउन आवश्यक पर्ने ५ प्रतिशतको मतसीमा तीनवटा दलले प्राप्त गरेका छन्।

प्राप्त विवरण अनुसार युएसआर-प्लस गठबन्धनले १५ प्रतिशत, अलायन्स फर युनिटी अफ रोमानियन्स (एयुआर)ले ९ प्रतिशत तथा डेमोक्रेटिक युनियन रोमानियाले ६ प्रतिशत मत पाएका छन्।

चुनावअघि गरिएका धेरैजसो मतसर्वेक्षणको प्रक्षेपणलाई गलत साबित गर्दै चुनावमा भिन्न नतीजा प्राप्त भएको हो।

राष्ट्रवादी नारा दिएर गत वर्ष मात्र गठन भएको युएसआर-प्लसले आश्चर्य चकित पार्दै संसद्मा सम्मानजनक उपस्थिति जनाएको छ।

कोरोना भाइरस महामारीकै बीचमा सम्पन्न यस चुनावमा ७ हजार १३६ जना चुनावी मैदानमा उत्रिएका थिए। रोमानियामा १ करोड ८० लाख मतदाता थिए। तर चुनावमा ३१.८४ प्रतिशत मात्र मतदान भएको थियो, र यो विगत ३० वर्षमैं सबैभन्दा कम मतदान हो।

चुनावी पछिल्लो मतपरिणामले संसद्मा कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गर्न सकेका छैनन्। त्यसैले आगामी सरकार गठबन्धन स्वरूपको हुनेमा कुनै शङ्का छैन। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – अन्नलाभ |
| मिथुन – खर्चवृद्धि | कर्कट – प्रसन्नता |
| सिंह – पदोन्नति | कन्या – ईश्वरभक्ति |
| तुला – कष्टानुभूति | वृश्चिक – नारीसुख |
| धनु – शत्रुपराजय | मकर – सन्तानसुख |
| कुम्भ – वाहनकष्ट | मीन – मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## चिकित्सक कुट्ने सशस्त्र प्रहरीविरुद्ध जाहेरी

प्रस, वीरगंज, २२ मङ्सिर/

सशस्त्र प्रहरीले वीरगंजका एकजना चिकित्सकको टाउको फुटाइदिएको छ। बारा, कलैया उपमहानगरपालिका-५ घर भई हाल वीरगंज महानगरपालिका-८ लिङ्करोडस्थित भवानी हस्पिटल तथा रिसर्च सेन्टरमा कार्यरत डा अशोक गुप्तालाई सशस्त्र प्रहरी भन्सार गुल्म, वीरगंजका आर साहले लट्ठीले हिर्काएका थिए। सशस्त्रको लाठीबाट डा गुप्ताको टाउको फुटेको थियो। उनको टाउकोमा तीनवटा टाँका लागेको छ। उनी उपचारपछि घर फर्केका छन्। लाठी हान्ने सुरक्षाकर्मीविरुद्ध जिल्ला प्रहरी कार्यालय पर्सामा किटानी निवेदन परेको छ।

रक्सौल बजार गर्न ना.५१ प ४२७३ नम्बरको मोटरसाइकलबाट जाने क्रममा सशस्त्रसँग विवाद भएपछि डा गुप्तामाथि लाठी बर्जिएको थियो। सशस्त्रले मूलबाटोबाट मोटरसाइकल जान रोक लगाएको थियो। सशस्त्रले डा गुप्तालाई खेतको बाटो जान सल्लाह दिएको थियो। सो विषयमा खेतबाट किन जाने भनेर डा गुप्ताले विवाद गरेको र आवेशमा आएर सशस्त्रले डा गुप्तामाथि लाठी प्रहार गरेको बुझिन आएको छ। सो विषयमा डा गुप्ताले सशस्त्रविरुद्ध जिप्रका पर्सामा लिखित निवेदन दर्ता गराएको बुझिन आएको छ।

## नाका सुचारु नहुँदा सर्वसाधारण नागरिक समस्यामा

प्रस, सर्लाही, २२ मङ्सिर/

कोभिड-१९ रोकथाम र नियन्त्रणका नाममा नौ महीनादेखि नेपाल-भारत सीमा बन्द रहँदा सर्लाहीका बासिन्दाले सास्ती खेपिरहेका छन्। नेपाल-भारत सिमाना वारिपारि आउनजान रोक लगाइँदा सीमावर्ती क्षेत्रमा आर्थिक, सामाजिक र सांस्कृतिक गतिविधि प्रभावित भएकाले समस्या भएको हो।

सीमा बन्दले सीमावर्ती क्षेत्रको दैनिक जीवनमा प्रभाव परेको भन्दै जतिसक्दो छिटो सीमानाका सुचारु गर्न स्थानीयले माग गरेका छन्। जिल्लाका मुख्य नाकाबाट मालवाहक सवारीसाधन खुलेआमरूपमा नेपाल प्रवेश गरिरहेका भएपनि सर्वसाधारण भने सीमानाका नजीकैको खेतको बाटोबाट वारिपारि गर्नुपरिरहेको छ। स्थानीय प्रशासनले सर्वसाधारणलाई नाका प्रयोग गर्न नदिंदा सर्वसाधारण खेत तथा गल्लीको बाटो प्रयोग गर्न बाध्य भएको स्थानीयवासी रामाधार साहले बताए।

नेपाली बजारमा भन्दा भारतीय बजारमा दैनिक उपभोग्य सामान सस्तोमा पाउने भएपनि नेपाल सरकारकै अवरोधका कारण जनताले सुलभ सामग्री उपयोग गर्न नपाइरहेको भन्दै यहाँका बासिन्दाले आक्रोश पोखेका छन्। उनीहरूले सोमवार सञ्चारकर्मीहरूसँग भेटघाट गरी नागरिकको समस्या उजागर गरिदिन आग्रह गरे। मालवाहक सवारीसाधनलाई विनाअवरोध प्रवेश गर्न दिंदा र सर्वसाधारण चोर बाटोबाट आवतजावत गर्नुपर्दा सीमावर्ती क्षेत्रका नेपालीलाई मर्का परेको सर्लाही उद्योग वाणिज्य सङ्घका अध्यक्ष वीरेन्द्र साहले बताए।

यसैबीच सीमा खुलाउनुपर्ने माग गर्दै राजनीतिक दल, सीमा क्षेत्रका बासिन्दा लगायतको सहभागितामा जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीको संयोजकत्वमा सर्वदलीय सङ्घर्ष समितिसमेत गठन भएको छ। सो समितिले सीमानाकामा धर्ना शुरू गरेको छ।

## पानी शुद्ध गर्ने मेशिन जडान

प्रस, वीरगंज, २२ मङ्सिर/

सिद्धार्थ बैंक कलैया शाखाले बारा जिल्लाका तीनवटा विद्यालयमा पानी शुद्ध गर्ने मेशिन जडान गरेको छ।


बैंकले जडान गरेको पानी शुद्ध गर्ने मेशिन।

गढीमाई महेन्द्र मावि बरियारपुर, नेरामावि कलैया मदर्सा र दुर्गा मावि बरेवामा आरो युभी वाटर फिल्टर मेशिन प्रदान गरिएको शाखा प्रमुख सञ्जन सिंहले बताए। सिद्धार्थ बैंक प्रदेश नं २ का प्रमुख प्रवीण ढुङ्गेलले विद्यालयका प्रधानाध्यापकहरूलाई पानी शुद्ध गर्ने मेशिन जडान गरी हस्तान्तरण गरेका थिए।

विद्यार्थीहरूले शुद्ध पानी पिऊन् भन्ने उद्देश्यले बैंकले मेशिन जडान गरेको शाखा प्रमुख सिंहले बताए।

## सिमा खुलाउन एघारौं दिन पनि धर्ना

प्रस, वीरगंज, २२ मङ्सिर/



तस्वीरः प्रतीक

नेपाल-भारत खुला सीमा संवाद समूहले सोमवार एघारौं दिन पनि वीरगंज भन्सार कार्यालयअगाडि धर्ना दिएको छ।

समूहले नेपालतर्फको सिल नाका खुला गर्नको लागि माग गर्दै भन्सार कार्यालय अगाडि बिहान ९ देखि १० बजेसम्म एक घण्टा धर्ना दिंदै आएको छ।

आजको धर्नामा समूहका पर्सा संयोजक कृष्ण पटेल, जसपाका नेता नेजामुद्दीन समानी, नेत्री रम्भा मिश्र, उषा श्रीवास्तव, प्रतिमा जोशी, शेख मुन्ना, कपिल चौगाईं, रमेश सर्राफलगायतको सहभागिता थियो।

## अन्नपूर्ण सहकारीलाई मिल्क क्यान हस्तान्तरण

प्रस, बिरुवागुठी, २२ मङ्सिर/

सूर्य नेपाल प्रालिको आर्थिक सहयोगमा पाथवे नेपाल प्रालि इटहरिले पर्सागढी नगरपालिका-३ मा सञ्चालित अन्नपूर्ण दुग्ध सहकारी संस्थालाई सोमवार २६ थान मिल्क क्यान हस्तान्तरण गरेको छ।


तस्वीरः प्रतीक

अन्नपूर्ण दुग्ध सहकारी संस्थाले पर्साका पशुपालक कृषकको जीवन उकास्न महत्त्वपूर्ण भूमिका खेल्दै आएकोमा सो संस्थालाई थप व्यवस्थित गर्न २६ थान मिल्क क्यान हस्तान्तरण गरिएको सूर्य नेपाल प्रालि सिमराका सुर्ती विभाग अधिकृत वेदनाथ सुवदीले बताए। मिल्क क्यान हस्तान्तरण कार्यक्रममा पाथवे नेपाल प्रालि इटहरिका प्रबन्धक निर्देशक सुवास बस्नेत, दुग्ध डेरीका अध्यक्ष जगरनाथ तिवारी, वडा सदस्य अरुणप्रकाश रेग्मी, गोकर्ण पाठकलगायतको सहभागिता थियो।

## अवैध घरेलु मदिरा नष्ट

प्रस, पर्सागढी, २२ मङ्सिर/

प्रहरी चौकी बिरुवागुठीले सोमवार बिहान सय लिटर तयारी घरेलु मदिरा बरामद गरी नष्ट गरेको छ।

पर्सागढी नगरपालिका-३ झाब्राहा टोलबाट सो परिमाणको मदिरा बरामद भएको र सरोकारवालाहरूको रोहबरमा नष्ट गरिएको प्रहरी चौकी बिरुवागुठीका इन्चार्ज शत्रुघ्न यादवले बताए।

सो स्थानबाट अवैध घरेलु मदिरा ढुवानी गर्ने क्रममा प्रहरी पुगेपछि मदिरा फ्याँकेर मानिस भाग्न सफल भएको इन्चार्ज यादवले बताए।


तस्वीरः प्रतीक

# आफताब आलमका भाइ महताब आलम पक्राउ

प्रस, रौतहट, २२ मङ्सिर/

काङ्ग्रेसका निलम्बित सांसद तथा पूर्वमन्त्री मोहम्मद आफताब आलमका भाइ मोहम्मद महताब आलमलाई प्रदेश नं २ को प्रहरी कार्यालयबाट खटेको प्रहरी टोलीले सोमवार पक्राउ गरेको छ।

प्रदेश नं २ को प्रहरी कार्यालय जनकपुरका प्रवक्ता प्रहरी उपरीक्षक कृष्ण प्रसाईंले रौतहटको बौधीमाई नगरपालिका–७ बडकी बङ्कुल क्षेत्रबाट आज पक्राउ गरेको बताएका छन्।



पक्राउ परेका मोहम्मद महताब आलम। तस्वीरः प्रतीक

पक्राउ परेका आलममाथि २०६४ चैत २७ गते रौतहटमा भएको बम विष्फोट घटनामा संलग्न रहेको कसूरमा पक्राउ गरेको प्रवक्ता प्रउ प्रसाईंले बताए। उनले विज्ञप्तिमार्फत फरार रहेका महताबमाथि संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा काका स्व शेख इद्रिसको घरमा भएको विष्फोटका घाइते २४ वर्षीय त्रिलोकप्रताप सिंह र २२ वर्षीय ओसी अख्तरलाई दाजु निलम्बित सांसद आफताब आलमको निर्देशनमा टयाक्टरमा राखेर इँट्टाभट्टामा जलाएको आरोप छ।

प्रवक्ता प्रउ प्रसाईंले पक्राउ परेका आलमले आफूमाथि लगाइएको आरोप स्वीकार गरेको र सो सम्बन्धमा थप अनुसन्धान भइरहेको बताएका छन्। घटनाका मुख्य योजनाकार निलम्बित सांसद आफताब आलम सो कसूरमा अहिले पुर्पक्षका लागि नख्खु कारागारमा छन्।

प्रहरीले उनलाई २०७६ असोज २७ पक्राउ गरेको थियो।

# भ्रस्टाचार गरेको अभियोगमा विशेष अदालतमा मुद्दा

प्रस, सप्तरी, २२ मङ्सिर/

खेलकूद मैदान मरम्मत लागि आएको बजेटमा भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ४ जनाविरुद्ध सोमवार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

तत्कालीन जिल्ला प्राविधिक कार्यालय, सप्तरीका इन्जिनियर विकास श्रेष्ठ, जिल्ला खेलकुद विकास समिति, सप्तरीका तत्कालीन उपाध्यक्ष धिरेन्द्र वर्मा, प्रशासकीय अधिकृत महेन्द्रप्रसाद यादव र फूटबल खेल मैदान निर्माण उपभोक्ता समितिका अध्यक्ष बुद्धिलाल यादव विरुद्ध अख्तियारले मुद्दा दायर गरेको हो। सप्तरीको शम्भुनाथ नगरपालिका–१ स्थित खाँडो खोला खेलकूद मैदान मर्मत–सम्भारका लागि खेलकुद मन्त्रालयबाट आएको बजेट भ्रष्टाचार गरि २ लाख ७५ हजार ६२३ घोटाला गरेको उनीहरू माथि अभियोग छ। उपभोक्ता समिति र प्राविधिक कर्मचारीले फर्जी बिल भरपाई पेस




बनाएर भ्रष्टाचार गरेको अख्तियारको ठहर छ।

आर्थिक अनियमितता गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान गर्दा चारजनाको मिलोमतोमा बढी रकम भुक्तानी लिने/दिने गरी नेपाल सरकारलाई हानी र आफूलाई लाभ हुने कार्य गरेको पाइएको अख्तियारको दाबी छ। अभियुक्तहरू मध्ये जिल्ला प्राविधिक कार्यालयका इन्जिनियर विकास कुमार श्रेष्ठले फूटबल मैदान निर्माण योजनामा माटोको कामको नापजाँच गरेर भएको कामको मूल्याङ्कन गरि बिल बनाउनुपर्नेमा नभए कामको प्राविधिक बिल बनाई भुक्तानीका लागि सिफारिस गरेको देखिएको छ।

जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष वर्मा र प्रशासकीय अधिकृत यादवले फूटबल मैदान निर्माण योजनाको कार्य सम्पन्न भए पश्चात योजनाको अनुगमन गरी योजना अनुरुप कार्य भएनभएको यकिन गरी प्रतिवेदन पेश गर्नुपर्नेमा पूरा नभएको योजना सम्पन्न भएको भन्दै गलत प्रतिवेदन दिएको पाइएको छ।

फूटबल खेल मैदान निर्माण उपभोक्ता समितिका अध्यक्ष बुद्धिलाल यादवले शम्भुनाथ नगरपालिकास्थित फूटबल मैदान निर्माण योजनामा माटो पुर्ने काम सम्पन्न गरेको झुठ्ठा बिल भरपाई पेश गरी रकम निकासा गरेको प्रमाणित भएको अखितयारको दाबी छ। अखितयारले इन्जिनियर श्रेष्ठविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा (१) बमोजिम सजाय माग दाबि गरेको छ भने उपाध्यक्ष वर्मा र प्रशासकीय अधिकृत यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुर सजायको माग दाबी गरिएको छ।

सोही मुद्दामा उपभोक्ता समितिका अध्यक्षलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ को उपदफा बमोजिम (४) बमोजिम सजाय र सोहि ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रकमसमेत असुल उपर गर्न अख्तियारले मागदाबी गरेको छ। अख्तियारले विशेष अदालतमा दायर गरेको मुद्दा आरोप पत्रमा चारै जनालाई जनही २ लाख ७५ हजार ६२३ रुपियाँ बिगो कामय गरिएको छ।

# विद्युत् कर्मचारीको कारण उपभोक्तालाई जरिवाना

प्रस, सर्लाही, २२ मङ्सिर/

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र लालबन्दीका प्रमुख सुधीरकुमार रायको भनाई छ। उनले सुरुआतमा जरिवाना लिएको तर फेरि विद्युत् प्राधिकरणले असोज २२ गतेसम्म




... समस्या आएको तर अहिले त्यो समस्या समाधान भइसकेको बताए। पहिलाको निर्णयअनुसार असोज ६ गतेपछि जरिवाना लिने भनिएको र सोहीअनुसार जरिवाना नलिने निर्णय गरेपछि बीचमा लिएको जरिवाना खपत युनिटबाट घटाउने विद्युत् प्राधिकरणले निर्णय गरेको वितरण प्रमुख रायले बताए।

केन्द्र लालबन्दीले मिटर रिडिङ नगरिकनै जरिवाना असुलिएको भन्दै उपभोक्ताले गुनासो गरेका छन्। कोभिड–१९ नियन्त्रण गर्न भन्दै सरकारले लकडाउन गरेको समयमा उपभोक्ताको मिटर रिडिङ नगरी चुप बसेको वितरण केन्द्रले जरिवाना भन्दै उठेको रकममा थप १० प्रतिशत लिएको उपभोक्ताको गुनासो छ।

वितरण केन्द्रका कर्मचारीको मनलाग्दी खपत शुल्कमा जरिवानासमेत लिने गरेको लालबन्दीका उपभोक्ता श्याम लामाले बताए। विगत पाँच/छ महिना मिटर रिडिङ नगरी बसेको सबस्टेशनले लकडाउन अलि सहज भएपछि बिल तिर्न आउन सूचना नै जारी गरेर जरिवानासहित शुल्क असुलेको अर्का स्थानीय रमेश कार्कीले गुनासो गरे।

विद्युत् वितरण केन्द्रका कर्मचारीले समयमा मिटर रिडिङ नगरेका कारण आमसर्वसाधारणले बिजुलीको मिटरमा उठेको लकडाउनको समयको शुल्कको पनि जरिवाना तिर्न बाध्य भएका छन्। लालबन्दीमा रहेको विद्युत् प्राधिकरण वितरण केन्द्रको लापर्वाहीका कारण त्यहाँका अधिकांश उपभोक्ता समस्या झेल्नु परेको भन्दै उपभोक्ताले आक्रोश पोखेका छन्।

उपभोक्तालाई जानकारी दिंदा पनि अनसुन गरेको विद्युत् प्राधिकरण वितरण

## मजदूरमाथि लाठीचार्ज....

आग्रह गरेका छन्। प्रहरीले भने उद्योगको उत्पादन रोक्न खोजेको र प्रहरीसँग अभद्र प्रस्तुति गरिएकाले बल प्रयोग गर्नुपरेको बताएको छ।

गत कात्तिक २३ गते उद्योगमा काम गर्ने स्थायी मजदूरमध्ये १२ जनालाई निष्कासित गरिएपछि सो कारखानाका करीब १२२ जना मजदूर आन्दोलनमा उत्रेका छन्। मजदूरहरूले निष्कासित मजदूरहरूको पुनर्बहालीको माग गरी आन्दोलन गर्दै आएका छन्।

## दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धारसम्बन्धी सूचना

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रहेका 'राष्ट्रपति महिला उत्थान कार्यक्रम'बाट नेपाली सेना, स्थानीय स्वास्थ्य संस्था, स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार कार्यक्रम सञ्चालन भइरहेको छ। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूलाई हवाई उद्धार गर्नुपरेमा निम्न ठेगानामा सम्पर्क गर्न हुन अनुरोध छ।

**सम्पर्क**:
राष्ट्रपति महिला उत्थान समन्वय इकाई,
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय।
सम्पर्क व्यक्तः अन्जु ढुङ्गाना, प्रमुख महिला विकास अधिकृत
सम्पर्क नं.: ९८५१२५५२५४
इमेलः pup.mowcsc@gmail.com

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

**पर्सागढी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
प्रदेश नं. २ पर्सा

## करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०८/२२

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/०७/०६ चलानी नं. ११४ को गरिबी निवारणका लागि लघु उद्यम विकाश कार्यक्रम सम्बन्धमा प्राप्त पत्रानुसार गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ५ बमोजिम यस आव २०७७/७८ को लागि उद्यम सहजकर्ताको सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिदसहित रितपूर्वक यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सङ्ख्या |
|---|---|---|---|---|
| १. | ५–२०७७/०७८ | उद्यमविकास सहजकर्ता/सहयोगी | चौथो | २(दुई) |

१) **आवश्यक न्यूनतम योग्यता र अनुभव**
क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी)बाट मान्यता प्राप्त उद्यमविकाश सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा
ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा
ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको।
२) **उमेर** : कम्तीमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला र अपाङ्गको हकमा ४० वर्ष ननाघेको)
३) **दरखास्त दिने स्थान** : पर्सागढी नगरपालिकाको कार्यालय, हरपुर, पर्सा।
४) **दरखास्त दिने अन्तिम मिति** : २०७७/०८/२९ गते सम्म।
५) **आवेदनको दस्तुर** : रु ५००/–
६) **छनोटको किसिम** : मौखिक।
७) **आवेदन साथ संलग्न कागजातहरू** : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू
- नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- ३ प्रति पासपोर्ट साइजको फोटो

८) **सेवा सुविधा** : गाउँपालिका तथा नागरपालिकासँग गरिने करार सम्झौता शर्तमा उल्लेख भए बमोजिम हुनेछ।
९) **पदले सम्पादित गर्नु पर्ने कार्य विवरण** : नगरपालिका भित्र, गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ले तोकेको कार्यहरू।
१०) **सम्पर्क मिति** : २०७७/०८/२९ गते ०४:०० बजे अपरान्ह्।

**नोट : पर्सागढी नगरापलिका पर्सा**, http://parsagadhimun.gov.np



## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

